

# दोर्दी-१ जलविद्युत खबर

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाको सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट ३७२ मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने Outlet तर्फबाट पनि १७८ मिटर सुरुङ्ग निर्माण भइसकेको छ । यसरी, आयोजनाले हाल सम्म Inlet र Outlet तर्फ गरी ५५० मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै, मंसिर मसान्त सम्ममा Inlet / Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई ७०० मिटर पुऱ्याउने लक्ष्यका साथ काम अघि बढिरहेको छ ।

### Dordi-1 Tunnel Progress




आयोजनाको Civil Works अन्तर्गत Desander को Purge Canal मा डण्डी बाँध्ने र Formworks हुँदैछ । अबको केहि दिनमै ढलानको काम पनि सुरु हुनेछ । त्यसैगरी पावरहाउसको Civil Works अन्तर्गतको Detail Design को कार्य सम्पन्न भइसकेको छ । साथै आयोजना क्षेत्रमा बाँध निर्माणको लागि River Diversion को कामको समेत थालनी गरिसकिएको छ ।

आयोजनाको Hydromechanical कार्य अन्तर्गत हेडवर्क्सको सम्पूर्ण Mechanical Components हरुको Detail Design को कार्य सम्पन्न भइसकेको छ । आयोजनाले निकट भविष्यमै गेट, पेनस्टक पाइप, डिस्याण्डर गेट, आदिको निर्माण कार्यलाई छिट्टै अघि बढाउने योजा राखेको छ । भारतबाट Steel Plate आयात तथा ढुवानीको लागि सम्झौता गरिसकिएको छ ।



Planning of Drilling works

आयोजनाले पेनस्टक पाईप बनाउन आवश्यक पर्ने Steel Plate खरिदका लागि Steel Authority of India Ltd. (SAIL) सँग यसै आश्विन ४ गते गरेको सम्झौता अनुसार Bokaro Steel Plant मा पहिलो लटको रुपमा १३७ टन steel plate को उत्पादन सुरु भइसकेको छ । उक्त क्तभभ्रि एबितभ लाई नेपाल भित्राउन अवश्यक सम्पुर्ण तयारी यस आयोजनाले गरिसकेको छ । त्यसैगरी आयोजनाको Transmission Line को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य अघि बढाउनका लागि उर्जा मन्त्रालयमा पेश गरिएको Terms of Reference (ToR) मंसिरको पहिलो हप्तामा स्वीकृत हुने अपेक्षा राखिएको छ ।

यस आयोजनाको Transmission Line को बोलपत्र आह्वान गत अश्विन महिनामा नै गरिसकिएको थियो । बोलपत्रको मुल्याङ्कनको सुरुवात भइसकेको र आगामी माघ महिना भित्र ठेकदार कम्पनीको चयन गर्ने लक्ष्य यस कम्पनीले राखेको छ । आयोजनाको Electromechanical कार्यका लागि ठेकेदार चयन कार्य यस मंसिर मसान्तसम्ममा समापन गरी निर्माण कार्य अघि बढाउने यस कम्पनीको लक्ष्य रहेको छ ।



View of Tunnel Outlet Area



Bar bending works accomplished till date

आयोजनाले निर्माण क्षेत्रमा कामदारहरुको सुरक्षालाई ध्यान दिदैं सम्पूर्ण कामदारहरुलाई सुरक्षा सम्बन्धी विभिन्न तालिम पनि गराउँदै आएको छ । यसरी कामदारहरुको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै निर्माण कार्य अगाडि बढाइएको छ । साथै आयोजनाको सम्पूर्ण निर्माणाधिन कार्य, कामदार र उपकरणहरुको बिमा गरी सुरक्षित गरिएको छ ।

आयोजनाले सरोकार समिति एवं आयोजना क्षेत्रका जनप्रतिनिधिहरु बिच समन्वय गर्दै विभिन्न सामाजिक उत्तरदायित्वका कार्यहरुलाई पनि अघि बढाउँदै आएको छ । यसरी आयोजनाले निर्माण कार्यलाई निर्धारित लक्ष्य तर्फ उन्मुख गर्दै कार्य गतिमा तीव्रता दिइएको छ ।



Desander Construction in Progress

**सम्पादकः**

**दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल :info @dordikhola.com.np**

**वेबसाइटः www.dordikhola.com.np**